जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ६३ पृष्ठः ४ | २०८१ असार १६ गते आइतबार (Sunday 30 June 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बस पल्टिँदा एकको मृत्यु



रौतहट, १५ असार। रौतहटको गौर-चन्द्रनिगाहपुर खण्डमा शनिबार बिहान यात्रुवाहक बस दुर्घटना हुदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी १३ जना यात्रु घाइते भएका छन्। गरुडा नगरपालिका-१ स्थित जयनगर चोकनजिक गौरबाट भैरहवातर्फ आउँदै गरेको ना ७ ख ८४१४ नम्बरको बस अनियन्त्रित भई पल्टिँदा माधवनारायण न.पा.-३ भेल्हीका शैलेन्द्र कुमार गिरीको १८ वर्षीया छोरी नेहाकुमारी गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता डीएसपी एलिजा गिरीले जानकारी दिइन्।

दुर्घटनाको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय गरुडा र शिवनगरबाट टोली पुगेर घाइतेको उद्धार गरेको थियो। घाइतेलाई प्रहरीले स्थानीय अस्पतालमा उपचारकोलागि पठाएको छ। दुर्घटनामा २६ वर्षीया रन्जुदेवी दासको दाहिने हात भाँच्चिएकोले शिवनगरस्थित ग्रान्डी अस्पतालमा उपचार भइरहेको डीएसपी गिरीले बताइन्। बस चालक फरार रहेको र खोजी कार्य भइरहेको उनले जानकारी दिइन्।

### गोलबजार-लगदीगदियानी सडक निर्माण प्रकरण

## सवबेसमा कमसल सामग्री प्रयोग, नियमनकारी निकाय मौन



**गोलबजार-लगदीगदियानी सडक निर्माण**

**ठेक्का नं.:** HRP/337011284 /076-77/UR-010
**ठेकेदार कम्पनी** : सम्भू कन्सट्रक्सन काठमाडौं
**कार्य क्षेत्र** : १५ कलोमिटर लम्बाइ
**ठेक्का सम्झौता मिति** : २०७७/०५/२४
**सम्पन्न मिति** : २०७९/११/२३
**म्याद थप** : २०८१/११/२३
**हालसम्म भौतिक प्रगति ३५ प्रतिशत**
**ठेक्का कबुल रकम** रु. ५१,४१,०२,३९६/०४
**हालसम्म भुक्तानी लिएको रकम** रु. १६,८७,८४,०२६

सिरहा, १५ असार। सिरहा जिल्लामा निर्माण भइरहेको 'गोलबजार-लगदिगदियानी सडक' कालोपत्रे गर्ने निर्माण व्यवसायीले सव-बेसमा कमसल निर्माण सामग्री प्रयोग गरेको छ। ठेक्का सम्झौतामा उल्लेख भएअनुसार रातो ग्राभेल हाल्नु पर्ने ठाउँमा स्थानीय 'गागन नदीबाट उत्खनन् गरी ल्याएको' अधिकाधिक माटो र बालुवा तथा कम भाग गिट्टी मिसिएको सामाग्री सव-बेसमा प्रयोग गरिएको छ। गोलबजार-लगदिगदियानी सडकका निर्माण व्यवसयी पेटीदार सम्भू कन्सट्रक्सनले सो सडकको सव-बेसमा हाल्ने भन्दै स्थानीय गागन नदी ठेक्कामा लिएर उत्खनन् गरेको थियो।

सडकमा सवबेस हाल्न ८० हजार घनमिटर उत्खननको इजाजत पाएको सो कम्पनीले गोलबजार नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई मिलाएर लगभग साढे दुई लाख घनमिटर नदीजन्य पदार्थ उत्खनन् गरेको थियो। अधिक उत्खनन् गरिएको **-बाँकी दुई पेजमा**

## मल बीउको अभाव हुन दिइँदैन : प्रम



चितवन, १५ असार। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले किसानलाई मल र बीउको अभाव हुन नदिने प्रतिबद्धता जनाएका छन्। २१औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८१ का अवसरमा चितवनको रत्ननगर बछौलीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले केही वर्ष अघिसम्म विकराल रहेको मल र बीउको अभाव पछिल्ला वर्षहरुमा **-बाँकी दुई पेजमा**

## कर बृद्धिको विरुद्ध कृषि विषादी व्यवसायीद्वारा बिरोध प्रदर्शन

सिरहा, १५ असार। सिरहाका विषादी व्यवसायीहरुले कृषि विषादीमा भएको कर वृद्धि फिर्ताको माँग गर्दै उनीहरुले बिरोध प्रदर्शन गरेका छन्। जिल्लाको गोलबजारमा विषादी व्यवसायी संघले कर वृद्धि फिर्ताको माँग गर्दै आज बिहान बिरोध प्रदशन गरेका हुन्। गोलबजारको मुख्य चौकमा व्यवसायीहरुले कृषि प्रधान देशको मूल्य मान्यता कायम गर, किसानमाथि अत्याचार गर्न पाईदैन, किसानलाई किसान हुनुमा गर्भ गर्ने वातावरण सृजना गर, कृषि मन्त्री मुर्दावाद, कृषिमाथि लगाएको कर वृद्धि फिर्ता गरजस्ता नारा लगाउँदै उनीहरुले प्रदर्शन गरेका थिए।

विषादी व्यवसायीहरुले हाम्रो देश कृषि प्रधान देश हो, तर




सरकारले किसान मर्कामा पर्नेगरी कृषि विषादी १३ देखि ३५ प्रतिशत सम्म कर लगाएको छ। सरकारले तत्काल कर फिर्ता गर्नु पर्छ भन्ने माँग राखे। व्यवसायीहरुले तत्काल कर फिर्ता नभए कडा आन्दोलन गर्ने चेतावनी दिए। प्रदर्शनका क्रममा पुर्वपश्चिम राजमार्ग केही बेर अवरुद्ध भएको थियो।




**डढेलोबाट बचौं र बचाऔं ।**

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्

त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सरकारी विद्यालय 'फेल' !

यस वर्ष प्रकाशित एसईईको परीक्षाफलले केही सङ्केत गर्छ भने त्यो हो सरकारी विद्यालयको तालुक अड्डा शिक्षा मन्त्रालय पूरै 'फेल' भएको छ। राष्ट्रिय परीक्षा बोर्डले बिहीवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को नतिजाअनुसार आधाभन्दा कम अर्थात् ४७.८६ प्रतिशत परीक्षार्थीमात्र 'उत्तीर्ण' भएका छन्। परीक्षाको मूल्याङ्कन विधिमा परिवर्तन गरेजस्तै पढाइको गुणस्तर सुधार गर्नमा ध्यान दिइएको भने कक्षा १० का आधाभन्दा बढी करिब ५२ प्रतिशत विद्यार्थी कक्षा ११ मा पढ्न 'अयोग्य' हुनेथिएनन्। विगत १० वर्षमा एकातिर विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याइयो भने मूल्याङ्कनको आधारमा कहिले अङ्क, अहिले अक्षर र यसपटक दुवैको प्रयोग गरियो।

वास्तवमा विद्यालय शिक्षालाई १२ कक्षासम्म विस्तार गरिसकेपछि १० कक्षाको परीक्षा (एसईई)लाई यसरी हाउगुजी बनाउनुपर्ने थिएन। तर, परीक्षा सञ्चालनको तामझाम, खर्चपर्च र कमिसनको उठतीपुठतीले हो कि सरकारी अधिकारीहरूले भने एसईई परीक्षालाई 'फलामे ढोका' बनाइराखेकै छन्। यही चलखेलमा बिचरा विद्यार्थी र अभिभावकलाई रनभुल्लमा पारिएको हुन्छ। यस वर्षको नतिजाले पनि 'राजकीय समाजवादी'हरूको टाउको थप दुखाउने देखिन्छ। राज्यले जिम्मा लिएको सरकारी विद्यालयका तुलनामा 'शिक्षाको व्यापार' गर्ने निजी क्षेत्रबाट सञ्चालित विद्यालयको परीक्षाफल उत्कृष्ठ रहेकोछ। कक्षा ११ मा पढ्न अयोग्य ठानिएकामध्ये ८८ प्रतिशतभन्दा बढी विद्यार्थी सरकारी विद्यालयका रहेका छन्।

विद्यार्थीलाई विनाअवरोध अगाडि बढ्ने गर्ने मौका दिनुभन्दा अयोग्य भनेर पन्छाउनु उपयुक्त ठान्ने अनुदार मानसिकता अहिलेको शिक्षा प्रणालीमा पनि कायमै रहेको देखियो। कक्षा १० मा राम्रो अङ्क ल्याउन नसक्ने विद्यार्थीले ११ वा १२ मा उत्कृष्ट नतिजा ल्याउन सक्छ। राम्ररी पढाउन सके कुनै विद्यार्थी पनि अनुत्तीर्ण हुँदैन। यस्तै, कक्षा १० को परीक्षालाई हाउगुजी बनाइरहँदा उनीहरूसँगै १० वर्षअगाडि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये पछाडि नै छाडिएलाई पनि राज्यले नबिर्सोस्। कक्षा १२ सम्म पढ्न पाउने हक त संविधानले नै सुनिश्चित गरेको छ। सकेसम्म कुनै बालबालिका पछाडि नछुट्ने सरकारले सुनिश्चित् गरोस्। अगाडि पढ्न नसक्ने वा नचाहनेका लागि प्राविधिक/व्यावसायिक शिक्षाको अवसर सुलभ बनाउनुपर्छ।

यसैले सरकारी विद्यालयको पठनपाठनमा सुधारमा सरकारले ध्यान केन्द्रित गरोस्। शिक्षा प्रणालीमा हचुवामा प्रयोग गरिरहँदा अहिलेकोजस्तो यता न उताको अवस्थामा पुगिँदो रहेछ। सँगै निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई पनि तिनले गरेको योगदानका लागि राज्यले प्रोत्साहन दिनुपर्छ। कारिन्दा र कार्यकर्ताको सङ्कीर्ण आँखाबाट शिक्षालाई हेर्न छाडौँ।

# केपी ओलीले उद्घाटन गरेको २७ महिना बित्दा पनि सञ्चालन भएन 'भ्यु–टावर'

**तेजेन्द्र के.सी.**

बुटवल, १५ असार। २०७८ साल चैत १५ गते पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले रुपन्देहीको तिलोत्तमा नगरपालिकामा तामझामसहित उद्राटन गरेको 'भ्यु–टावर' अझै सञ्चालनमा आउन सकेको छैन। साढे ११ करोड रुपैयाँमा निर्माण भएको भ्यु–टावर अहिलेसम्म सञ्चालन नहुँदा तिलोत्तमा नगरपालिका र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वन वाटिका)ले कुनै लाभ लिन सकेको छैन। वन वाटिकाभित्र पर्ने उक्त भ्यु टावरले यहाँको पर्यटक आगमन बढाउने अपेक्षा भए पनि सञ्चालन हुन नसक्दा अपेक्षित उद्देश्य प्राप्त हुन सकेको छैन। भ्यु टावर निर्माण भए पनि ठेक्का लगाउँदा पौडी पोखरी, पानीको फोहोरा, पार्किङ, रेस्टुरेन्ट, निर्माण गरी एकीकृत रूपमा सञ्चालन गर्ने योजना थियो। त्यही अनुसार ठेक्काको प्रक्रिया अगाडि बढाए पनि दोस्रो चरणको संरचना निर्माण अझैसम्म पूरा नभएपछि ठेक्काको लागि कबोल गरेको ठेकेदार कम्पनीले सम्झौता नगरी बसेको छ।

पछिल्लो संरचना निर्माणका लागि तिलोत्तमा नगरपालिका र संघीय सरकारको पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५ करोड बजेटमा काम सुरु गरिएको थियो। जसमध्ये नगरपालिकाले आफ्नो रकमले काम गरे पनि संघीय सरकारले पर्यटन प्रवर्द्धन अन्तर्गत रकम नपठाएका कारणले संरचना पूरा नभएको तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले बताए। तिलोत्तमा नगरपालिकाका राजस्व उपशाखाका प्रमुख इन्द्रदत्त सापकोटाका अनुसार पाल्पाको अनुपम निर्माण सेवा कम्पनीले २०७८ फागुनमा २०७९ साल साउनदेखि भ्यु टावर चालु गर्ने गरी वार्षिक ३९ लाख ५० हजार रुपैयाँ बुझाएको थियो। एक वर्षको बैंक ग्यारेन्टी पनि उक्त कम्पनीले गरेको थियो। साउनमा सञ्चालन गर्न असार अन्तिमसम्म ठेकेदारले राखेको सर्तहरू पूरा नभएपछि उक्त कम्पनीले सम्झौता नै गरेन। कम्पनीले भ्यु टावरमात्रै हुँदैन, पौडी पोखरी, रेस्टुरेन्ट, पानीको फोहोरा जस्ता संरचना तयार नभएकाले आफूले सम्झौता नगर्ने अडान लिएपछि रोकिएको हो।



शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वन वाटिका) मा बनेको उक्त भ्यु–टावर १० तलाको छ, जसको उचाइ १३४ फिट छ। भ्यु टावर निर्माण गर्दा ७० प्रतिशत खर्च तिलोत्तमा नगरपालिकाले र ३० प्रतिशत खर्च शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले बेहोरेका हुन्। दोस्रो चरणमा भने संघीय सरकार र नगरपालिको लगानी हो। टावरमा पहिलोदेखि छैटौँ तलासम्म व्यावसायिक प्रयोजनका लागि संरचना निर्माण गरिएका छन्। सातौँ तलादेखि मात्रै दृश्यावलोकनको लागि प्रयोग हुने नगरपालिकाले जनाएको छ। कुल २५ हजार १२२ वर्ग फिट क्षेत्रफलमा निर्माण गरिएको भ्यु–टावरमा सुविधायुक्त रेस्टुराँ र पर्यटक विश्राम स्थल, रिसर्च कक्ष, डिपार्टमेन्ट स्टोर, कार्यालय कक्ष, शौचालयसहित वातानुकूलित कोठा तथा पुस्तकालय लगायतका संरचना रहने भए पनि अहिले भ्यु टावरमात्रै तयार भएको छ। उक्त भ्यु टावरबाट बुटवल, भैरहवा र लुम्बिनीसम्म आँखाले सजिलै देख्न सकिन्छ भने दूरबिनको प्रयोगबाट भारतको गोरखपुर, नौतनवा सम्मका सहरहरू देखिने दाबी गरिएको छ।

## *गोलबजार–लगदीगदियानी...*

नदीजन्य पदार्थ स्थानीय क्रसर उद्योगहरुलाई बिक्री गरेको सम्भू कन्सट्रक्सनले गोलबजार–लगदी गदियानी सडकको १५ किलोमिटर भागमा त्यही गागन नदीबाट उत्खनन् गरिएको ८० हजार घनमिटर कमसल सामाग्री सवबेसमा ओछ्याएको छ। सव बेसमा कमसल निर्माण सामाग्री प्रयोग गरिएको कारण छिटफुट वर्षा मात्र हुँदा पनि सो सडक हिलाम्मे भएको छ। ठाउँ ठाउँमा सडक भासिएको छ। वर्षा नहुँदा सडक धूलाम्मे हुन्छ।

गोलबजार नगरपालिका १२ का गणेश गौतम प्रश्न गर्छन्, 'सव बेस हालेर रोलिङ्ग गरिएको सडक यस्तो हिलाम्मे हुन्छ ?' यस्तो सव – बेसमाथि कसरी एग्रिगेट बेस हाल्ने ? यो जनताको भविष्यसँग खेलवाड हो। गौतम भन्छन् 'निर्माण व्यवसायी सम्भू कन्सट्रक्सनले गागन नदीको बालुवा र माटो हाल्न खोज्दा सुरुमा नियमकारी निकाय हुलाकी सडक आयोजना कार्यालय जनकपुरका इन्जिनियर कौशल यादवले रोकेका थिए।' यो नदीजन्य पदार्थ सव–बेसमा हाल्न पाइँदैन भन्दै त्यो सामाग्री अस्वीकृत गरिएको थियो। त्यसपछि सम्भू कन्सट्रक्सनले उक्त नदीजन्य कमसल तथा अस्वीकृत सामाग्री नजिकै स्टोर गरेर राख्यो।

त्यसमा ग्राभेल मिसाएर स्तरीकरण गरेर सव–बेसमा हाल्ने भनियो। तर तीन महिनापछि ग्राभेल नमिसाई त्यही माटो र बालुवा सव–बेसमा हालिएको छ। गौतम प्रश्न गर्छन् तीन महिना अघि अस्वीकृत भएको निर्माण सामाग्री तीन महिनापछि कसरी मान्य भयो ? उनले यो प्रकरणमा नियमनकारी निकाय र ठेकेदार पक्षबीच अनुचित लेनदेनबाट सम्झौता भएको आशंका गरेका छन्। गोलबजार नागरिक समाजका अगुवा राम नारायण सिंह भन्छन्, 'सव–बेसमा' धनगढीमाई नगरपालिकामा रहेको ग्राभेल खानीबाट झिकिएको रातो ग्राभेल हाल्नु पर्ने हो। सडक निर्माण सम्झौतामा सोही कुरा उल्लेख छ। तर सम्भू कन्सट्रक्सनले हुलाकी सडक आयोजनाका इन्जिनियरहरुलाई मिलाएर जनताको आँखामा छारो हाल्ने र गुणस्तरहीन सडक निर्माण गर्ने प्रपञ्च गरेको छ। उनले भने, 'यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण गराउन चाहान्छु।'

धनगढीमाई नगरपालिकाका इन्जिनियर सम्भू यादव भन्छन्, 'सव– वेस र बेसको फिल्ड डेन्सिटी परीक्षण गरिनुपर्छ। माटोको भार वहन क्षमता परीक्षण गरेपछि मात्र सव–बेस र बेस हाल्नुपर्छ। बेस एग्रिगेटको पनि साइज हुन्छ। निश्चित मात्रामा डस्ट मिसाइन्छ।' जस्तोतस्तो माटो र बालुवा सव–वेस र बेसमा हाल्नै हुँदैन। कालोपत्रे सडकको टिकाउपन 'सव–बेस र बेस' मै अन्तरनिहित हुन्छ। सव–बेस हालेर रोलिङ्ग गरेपछि सामान्यतया सडक भाँसिनु हुँदैन। हुलाकी सडक आयोजना कार्यालय जनकपुरका इन्जिनियर कौशल यादव भन्छन्, 'सुरुमा गागन नदीको सामाग्रीमा बालुवा र माटो मात्र देखियो। त्यसकारण अस्वीकृत गरिएको थियो। पछि गिट्टी मिसिएको सामाग्री भनेर वेस ओछ्याउन दिइएको हो।' उनले भने 'सव–बेसको सामाग्री ल्यावमा परीक्षणको लागि पठाइएको रिपोर्ट आएपछि स्पष्ट हुन्छ।'

यता सम्भू कन्सट्रक्सनका सञ्चालक दीपक कार्कीसँग यस बारे प्रतिक्रिया माग्दा उनले भने 'हामीले सव–वेस मा राम्रै सामाग्री हालेका छौं। अहिले वर्षाले ठाउँ ठाउँमा सडक बिग्रेको र आवागमन अवरुद्ध भएकोले त्यसलाई खुलाउन माटो हालिएको हो।' गोलबजार लगदीगदियानी सडक ठेक्का नं. (**HRP/337011284 /076-77/UR–010** ) कोनटेक प्रा.लि. नक्सालको नाममा बोलपत्र स्वीकृत भएको छ। सडकको निर्माण कार्य पेटीदार सम्भू कन्सट्रक्सन काठमाडौले गरिरहेको छ। १५ कलिोमिटर लम्बाइ रहेको यो सडकको ठेक्का सम्झौता २०७७/०५/२४ मा भएको र २०७९/११/२३ सम्ममा सम्पन्न गर्ने शर्त थियो। समयमा काम सम्पन्न नभएकोले एक पटक म्याद थप भएको छ। थप म्याद अनुसार २०८१/११/२३ सम्ममा काम पूरा गर्नु पर्ने तोकिएको छ। तर हालसम्म भौतिक प्रगति ३५ प्रतिशत मात्र भएको छ। ५१ करोड ४१ लाख ०२ दुई हजार ३ सय ९६ रुपैयाँ ०४ पैसामा ठेक्का कबुल गरेको कम्पनीले ३३ प्रतिशत रकम अर्थात १६ करोड ८७ लाख ८४ हजार २६ रुपैयाँ भुक्तानी लिइसकेको छ।

सडक निर्माणमा ढिलाई भएको कारण सिरहाका अभियन्ता रामरिझन यादवले लगदी गदियानी देखि गोलबजारसम्म पैदल यात्रा गरेर दबाव सृजना गरेका थिए। यो सडक निर्माणमा ढिलाई हुँदा लगदी गदियानी देखि उत्तर गोलबजारसम्मका २४ गाउँ टोलका बासिन्दालाई मर्का परेको छ। हुलाकी सडक आयोजना कार्यालय जनकपुरले जनाए अनुसार यो सडकको राइट अफ वे राजपत्रमा प्रकाशित नहुनु, सडक सीमा विवाद हुनु , विद्युतीय संरचना नहटाउनु र साइट क्लियर नहुनु , अदालतबाट विभिन्न मुद्दामा निषेधाज्ञा जारी हुनु, निर्माण सामग्रीको अभाव हुनु र बजेटको अभाव भएर निर्माण कार्य ढिलाई भएको हो।

## *मल बीउको ...*

कमी हुँदै गएको बताउँदै यसको आपूर्ति र व्यवस्थापनमा थप मेहनत सरकारले गर्ने बताए। धानको उत्पादन बढाउनलाई यान्त्रिकीकरण र व्यवसायीकरणमा जोड दिंदै सरकारले आगामी दशकलाई कृषि दशक भनेर नीति तथा कार्यक्रम बजेटमा प्राथमिकतामा राखिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले यसमा सरकारले पूर्ण तागत लगाउने बताए।

कृषिमा यान्त्रिकीकरण र व्यवासयीकरण गर्दा देशभित्र नै युवाहरू बस्ने र विदेशमा पुगेका युवाहरूसमेत केही गर्न सकिन्छ भनेर देश फर्किने अवस्था आउने विश्वास प्रधानमन्त्रीले ब्यक्त गरे। प्रधानमन्त्री प्रचण्डले किसानहरुले उत्पादन गरेका बस्तुहरुको न्यूनत्तम समर्थन मूल्य तोक्ने विषयमा सरकार गम्भीर भएर लाग्ने र यसलाई अझै व्यवस्थित गर्ने बताए। देशको कुल गार्हस्थ उत्पादनको २४ प्रतिशत कृषिको रहेको र त्यसमा पनि धानको १५ प्रतिशत रहेको भन्दैं प्रधानमन्त्री प्रचण्डले सडक सञ्जालको विस्तार, दुई छाक भातै खाने भन्ने सोच, जनसंख्या वृद्धि जस्ता विषयले बार्षिक अरवौं रुपैयाँको धान चामलको आयात हुने गरेको बताए।

उनले बढ्दो आयातले परनिर्भरता चुलिंदै जानुका साथै व्यापार असन्तुलन पनि बढेको बताए। धानमा आत्मनिर्भर हुन व्यवसायिक खेती प्रणाली, सिचाइँको सुविधा, यान्त्रिकीकरणलाई प्राथमिकतामा राखिने प्रधानमन्त्री प्रचण्डले बताए। कृषि क्षेत्रको व्यवसायीकरण र विविधिकरणमार्फत मुलुकमा समृद्धि हासिल गर्न पछिल्लो समयमा कृषि क्षेत्रमा जलवायु परिवर्तन ठूलो चुनौतीको रूपमा देखिएको भन्दै प्रधानमन्त्रीले जलवायुमैत्री प्रविधिहरूको अवलम्बन गरेर उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिए। धानबाली देशको रणनीतिक बाली भएको उल्लेख गर्दै प्रधानमन्त्रीले तीनवटै तहको सरकारलाई नेपाल सरकारले लिएका नीतिहरूको सफल कार्यान्वयनका लागि आह्वान गरे। धान दिवस मनाउन चितवन आएका प्रधानमन्त्री प्रचण्डले भरतपुर महानगरपालिका– ६ केशरबाघमा हुने धान रोपाइँको अर्को कार्यक्रममा पनि सहभागी हुँदैछन्।

# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेस प्रदेश, नेपाल

### हाट बजार ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/१५**

नेपालको संविधान (२०७२) को अनुसूची–८, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका तपसिल बमोजिमका बजारहरुको आगामी आ.व. २०८१/०८२ का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५औं दिन भित्र यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको आन्तरिक राजश्व खाता नं. २६४०२४७७०२८०००01 मा रु. ३०००/– (रु. तीन हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र फारम यस कार्यालयको राजश्व उप–शाखावाट खरिद गर्न सकिनेछ। इजाजत प्राप्त कम्पनीको हकमा नवीकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन साथ पेश गर्नुपर्नेछ।
२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. दरभाउपत्र साथै तपशिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको धरौटी खाता नं. धरौटी २६४०२४७७०२८०००१२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (विडवण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा एक सय दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ।
४. दररेट मर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्नु पर्नेछ।
५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं. कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
६. दरभाउपत्र खरिद गर्ने र दतां गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।
७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन।
८. रित नपुगी वा म्याद नाधी आएको दरभाउपत्र मावि कार्यवाही हुने छैन।
९. दरभाउपत्र आशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. सेवा शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फबाट छपाई सि.नं. ००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ। साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ।
११. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी लगायत बुझाएको सम्पुर्ण रकम समेत जफत गरिनेछ।
१२. सूचनामा केही कुरा बपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टास गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
१३. यस ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु बुझाउनु पर्ने सम्पूर्ण करवस्तु फि, महशुल आदि ठेकेदारले नै बुझाउनु पर्नेछ।
१४. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।
१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन।
१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ। साथै दरभाउ पत्र पेश गर्दा प्रत्येक बजारको दरभाउ पत्र छुटाछुटै शिलबन्दी गरि पेश गर्नु पर्नेछ। शिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ।
१७. दरभाउपत्र स्वीकृत भए पछि ठेक्का वापतको रकम एकमुष्ठ दाखिला गरेमा ठेक्का अंकमा ५% छुट दिनेछ। एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक्का रकमको दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जी लिनु अगावै नगद ६० प्रतिशत रकम बुझाउनु पर्ने। दोश्रो किस्ता ४० प्रतिशत रकम बराबरको यस कार्यालयका नाउँमा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैङ्कबाट जारि गरिएको कम्तीमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानी पत्र सक्कल प्रति चलन पूर्जी लिनु अगावै पेश गर्नु पर्नेछ।
१८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | आय ठेक्का नं. | कामको विवरण | न्यूनतम दर (मु.अ.कर. बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | DH-MUN-01-2081/082 | धनगढी बजार | ३०,००,०००/– (अक्षरेपी तीस लाख मात्र) | १,५०,०००/– |
| | | जिरोमाईल बजार | | |
| | | छपराडी बजार | | |
| | | कसहा बजार | | |
| | | भवानीपुर बजार | | |

**धनगढीमाई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहा

# खेती योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन राज्यको ध्यान केन्द्रित हुनुपर्छ : राष्ट्रपति



काठमाडौँ, १५ असार। राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनले धानखेतीमा पारेको बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्दै धान उत्पादन एवं उत्पादकत्व बढाउन सरकार, कृषक र सरोकारवाला पक्षलाई सचेत र जागरुक बनाउनुपर्ने आजको आवश्यकता रहेको बताएका छन्। एक्काइसौँ राष्ट्रिय धान दिवस, २०८१ का अवसरमा शुभकामना सन्देश दिँदै उनले धानबालीमा जलवायुमैत्री प्रविधिहरूको अवलम्बन गराई उत्पादनमा वृद्धि गरी धान चामलको आयात प्रतिस्थापन, खाद्य सुरक्षाको सुनिश्चितता गर्न र कृषि श्रमको सम्मान गर्ने संस्कृति बसाल्न आजको दिनले प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गरेका छन्।

राष्ट्रपति पौडेलले खाद्य सुरक्षा र आत्मनिर्भरताको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि आजको दिनले थप उत्साह प्रदान गर्ने विश्वास व्यक्त गरे। 'नेपालको संविधानले प्रत्येक नागरिकको खाद्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा सुनिश्चित गर्दै खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक पनि सुनिश्चित गरेको छ। नेपालको धानखेती आकासे सिचाईमा निर्भर छ। वर्षा राम्रो नभएको वर्ष धान उत्पादन घट्ने र वर्षा राम्रो हुँदा उत्पादन बढ्ने गरेको सन्दर्भमा धानखेती योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन राज्यको सम्पूर्ण ध्यान केन्द्रित हुन जरुरी छ भन्ने म ठान्दछु', राष्ट्रपतिद्वारा जारी शुभकामना सन्देसमा भनिएको छ।

राष्ट्रपति पौडेलले कृषि क्रान्तिको पहिलो कदम सिँचाइ सुविधा भएको भन्दै आधुनिक खेती प्रणालीमार्फत जनताको जीवनस्तर माथि उठाउन खेतीयोग्य जमिनमा सिँचाइ सुविधासहित आधुनिक उपकरण, मल, उन्नत बीऊ र दक्ष जनशक्ति तयार गर्न हाम्रो ध्यान जान जरुरी रहेको उल्लेख गरे। धान एवम् चामल आयात बर्सेनि बढ्दै जानु चिन्ताको विषय भएको भन्दै उनले जमिन बाँझो राख्ने प्रवृत्तिको अन्त्य गरी श्रम गर्ने संस्कृतिको विकाससँगै धान उत्पादनमा आत्मनिर्भर हुनेतर्फ हाम्रो सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने खाँचो औँल्याए। राष्ट्रपति पौडेलले देशको श्रम शक्ति वैदेशिक अध्ययन तथा रोजगारीका लागि दैनिक सयौँका संख्यामा विदेश पलायन हुनाले कृषि क्षेत्रमा जनशक्तिको अभाव हुनु दुःखद् हो भन्दै कृषिलाई आकर्षक पेसाका रुपमा विकास गरी विदेश पलायन हुने जनशक्तिलाई स्वदेशमा नै रोक्ने पहल गर्न आग्रह गरे।

साथै, उनले खानामा भातको मात्र भर पर्ने बानीलाई वैकल्पिक रुपमा लिई खाने बानी परिवर्तन गरेर अन्य बालीलाई समेत प्रवर्द्धन गर्न हामीले उत्तिकै ध्यान दिनु जरुरी रहेको बताए। उनले धान दिवसका अवसरमा सम्पूर्ण नेपाली किसान, दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना समेत व्यक्त गरे। धानको उत्पादन वृद्धि आधुनिकीकरण र व्यावसायिकीकरणलाई प्रवर्द्धन गर्नेहेतुले विसं २०६१ देखि प्रत्येक वर्ष असार १५ लाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालिएको हो। यसवर्ष 'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' भन्ने राष्ट्रिय नाराका साथ २१औँ राष्ट्रिय धान दिवस मनाइएको छ। नेपाल कृषि प्रधान देश हो। यहाँका अधिकांश जनता कृषिमै निर्भर छन् र हाम्रो प्रमुख खाद्यान्न बाली धान हो।

# दोस्रो पटक विश्व विजेता बन्यो भारत

काठमाडौँ, १५ असार। रोमाञ्चक खेलमा दक्षिण अफ्रिकालाई ७ रनले पराजित गर्दै भारतले टी–२० विश्वकपको उपाधि जितेको छ। भारतले टी–२० विश्वकपको उपाधि जितेको यो दोस्रो अवसर हो। भारतले सन् २००७ को पहिलो टी–२० विश्वकपको उपाधि जितेको थियो। यसअघि एक दिवसीय विश्वकपको उपाधिबाट चुकेको भारत लगातार दोस्रो फाइनल गुमाउनबाट भने बचेको छ। भारतले प्रस्तुत गरेको १ सय ७७ रनको लक्ष्य पछ्याउने क्रममा दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १ सय ६९ रन मात्र बनाउन सक्यो। योसँगै पहिलोपटक फाइनल पुगेको दक्षिण अफ्रिका उपाधिबाट भने वञ्चित हुन पुग्यो।

दक्षिण अफ्रिकाका लागि हेनरिच क्लासेनले अर्धशतकीय इनिङ्स खेले। २७ बलको सामना गर्दै २ चौका र ५ छक्का प्रहार गरे। त्यस्तै, क्वीनटन डी ककले ३१ बलमा ३९ रन जोडे। उनले ४ चौका र १ छक्का हिर्काए। त्यस्तै, ट्रिस्टन स्टब्सले २१ बलमा ३१ रनको योगदान दिए। डेभिड मिलरले १७ बलमा २१ रन बनाए। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय ७६ रन बनाएको थियो। भारतका लागि फर्ममा फर्किएका विराट कोहलीले सर्वाधिक ७६ रन बनाए। यसअघिका खेलमा निराशाजनक प्रदर्शन गर्दै आइरहेका उनले आजको खेलमा भने ५९ बलको सामना गर्दै ६ चौका र २ छक्का प्रहार गरे।

खेलमा भारतको सुरुवात भने राम्रो हुन सकेन। कप्तान रोहित शर्मा मात्र ९ रन बनाएर पभेलियन फर्किए। लगतै ऋषभ पन्त शून्य रन बनाएर आउट भए। सूर्यकुमार यादव पनि ३ रन जोडेर कागिसो राबाडाको शिकार बनेपछि भारत दबाबमा देखिएको थियो। तर, कोहली र अक्षर पटेल मिलेर ५४ बलमा ७२ रनको साझेदारी गरेपछि भारत खेलमा फर्कियो। रन आउट हुन अघि पटेलले ३१ बलमा ४७ रन बनाए। उनले १ चौका र ४ छक्का हिर्काए। शिवम दुवेले पनि २७ रनको महत्त्वपूर्ण इनिङ्स खेले। उनले १६ बलमा ३ चौका र १ छक्का प्रहार गरे। दक्षिण अफ्रिकाका लागि केशव महाराज र एनरिच नोर्टजेले २–२ विकेट लिए। त्यस्तै, मार्को यानसेन र कागिसो रबाडाले १–१ विकेट हात पारे।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## सडक डिभिजन कार्यालय
लहान, सिरहा

### सडक डिभिजन कार्यालय लहानको सूचना !

वन, फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय संचालन गर्ने, बिना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसार पोसार गर्ने सबै कार्य वन अपराध हुन्। यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम बरामद वन पैदावारको विगो जफत गरी अधिकतम् पाँच वर्ष सम्म कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ। त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनु हुन सबैमा अनुरोध गरिन्छ।

### नक्कली भुटानी शरणार्थी प्रकरणमा

# फरार रहेका झा पक्राउ



काठमाडौं, १५ असार। नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न आरोपमा प्रहरीले बेचन झालाई प्रहरीले पक्राउ गरेको छ। उनलाई कञ्चनपुरबाट पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयका एक जना अधिकृतले बताए। शरणार्थीको कोटामा अमेरिका पठाउन खोज्नेहरूबाट बेचन झाले दुई करोडको चेक बुझेको प्रहरीको अनुसन्धानबाट थाहा भएको छ। उनले टोखा नगरपालिका–६ स्थित धापासी घर भएका रामशरण केसीसँग दुई करोडको चेक लिएका हुन्। भुटानी शरणार्थी प्रकरणको योजनाकार मध्येका सानु भण्डारीले भनेर आफ्नो नाममा रहेको हिमालयन बैंकको दुई करोडको चेक झालाई दिएको रामशरणले बयानमा खुलाएका छन्। केसीका अनुसार २०७८ मङ्सिर ८ मा नयाँ बानेश्वरस्थित ह्वाइट हाउस कलेज अगाडि झाले चेक बुझेका हुन्।

मन्त्रिपरिषद्बाट गिरोहले भनेअनुसार भुटानी शरणार्थी सम्बन्धी 'निर्णय गराउन' बेचनले चेक लिएको अनुसन्धान अधिकृतहरू बताउँछन्। प्रहरीसँगको बयानमा रामशरण केसीले भनेका छन् '२०७८ मङ्सिर १३ मा बसेको मन्त्रिपरिषद्बाट भुटानी शरणार्थी सम्बन्धी निर्णय गराउन बेचन झाले रकम मागेको भनेर सानु भण्डारीले भनेपछि हिमालयमा बैंकमा रहेको खाताबाट बेचन झाको नाममा २ करोडको चेक काटेर दिएको हुँ।' रामशरणले उनलाई बुझाएको चेकको फोटो खिचेर उनका साथी प्रेमराज पन्थीलाई पठाएको बताएका छन्। बयानमा उनले भनेका छन 'चेक दिएको भिडियो पनि बनाएको थिएँ।' तर, झा त्यसपछि शरणार्थी प्रकरणको कुनै पनि घटनामा देखिएका छैनन्।

मन्त्रिपरिषद्बाटै बेचन झाले निर्णयहरू गराउन सक्छन्, त्यसपछि अमेरिका तथा तेस्रो मुलुकमा नेपालीलाई पठाउन सजिलो हुने कुरा सानु भण्डारीले रामशरण केसीलाई भनेको अनुसन्धानबाट थाहा भएको छ। तर, झाले चेक बुझेर पनि कुनै निर्णय गराउन सकेनन्। चेक लिएसँगै उनी शरणार्थी प्रकरणको दृश्य बाहिर थिए। झाबारे जिल्ला प्रहरी कार्यालय काठमाडौँले दोस्रो चरणको अनुसन्धान गरिरहेको छ।







मधेश प्रदेश सरकार
प्रदेश वन निर्देशनालय
उद्योग, पर्यटन तथा वन मन्त्रालय
**डिभिजन वन कार्यालय**
**सिरहा, लहान**

**जनहितमा जारी सन्देश**

- वन, वन्यजन्तु, जल र जमिन प्रकृतिको अमूल्य उपहार, यिनको संरक्षण, सम्बर्द्धन र सदुपयोग हाम्रो जीवनको आधार।
- वनले दिन्छ स्वच्छ वायु, स्वास्थ्य र जीवन र दीर्घायू।
- वनमा आगो लगाउनु हुन्न, ध्वस्त हुन्छ वन, लाखौं जीवजन्तु मर्दा कति रोला हाम्रो मन।
- त्यसैले वनभित्र सलाई, लाईटर, पेट्रोल, मट्टितेल जस्ता आगो जन्यवस्तु नलगौं, चुरोट, ठुट्टा, सलाईको काँटी जस्ता आगो लाग्ने वस्तु वन क्षेत्र भित्र नफालौं, सो प्रयोग पश्चात् राम्रो सँग निभाएर मात्र फालौं।
- वनभोज जस्ता कार्य वन क्षेत्रभित्र नगरी, गरेको ठाउँमा प्रयोग गरिएको आगो राम्रो संग निभाऔं।
- केही कारणले वनमा आगो लागि सकेपछि तुरुन्त वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेवा, जिल्ला प्रशासन कार्यालर्या खबर गरौं र प्रत्येक उपभोक्ता आगो निभाउने सामाग्री बोकी आगो निभाउन जाऊँ।
- वन मा आगो लगाउनु कानूनी अपराध हो, कसैले लगाएमा बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ।


# मधेसमा उमेर नपुगी विवाह गर्ने ५०% भन्दाबढी

महोत्तरी, १५ असार। राष्ट्रिय जनगणना–२०७८ को तथ्याङ्क अनुसार मधेसमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी देखिएको छ। राष्ट्रिय जनगणनामा उल्लेख गरिएको विवरण अनुसार १५ देखि १७ वर्षभित्र विवाह गर्ने २७.७ प्रतिशत छन्। यसैगरी १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो संख्या ३७.२ प्रतिशत हुन्छ। अठार र २० वर्ष उमेरबीच विवाह गर्ने ३९.५ प्रतिशत छन्। दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन्।

उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको संख्या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएको रत्यौली युवाक्लबका अध्यक्ष वैद्यनाथ चौधरीले जानकारी दिए। मधेसमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ। पुरुषको उमेर २० वर्ष भए पनि महिला १७ वर्षसम्मका पाइएका छन्। बालविवाहको यो पाटोबाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको चौधरीले बताए। पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पति हेरेर उमेर नपुगेकी छोरी दिनेहरु समाजमा अझै बाक्लै रहेका उनको भनाइ छ।

बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक संघसँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्दै आएका छन्। मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा बालविवाहविरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए। यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तनसम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका जनाउँदै यसबाट सकारात्मक परिणाम प्राप्त भइरहेको नगरप्रमुख मण्डलले बताए।बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन्। मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु/पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको छ।



# प्रदेश सरकारले प्रदेश शिक्षा नीति ल्याउन गृह कार्य सुरु गरेको छ : शिक्षा मन्त्री लेखी



**धर्वेन्द्र झा**

जनकपुरधाम, १५ असार। मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री राज कुमार लेखीले मधेश प्रदेशको शिक्षामा समग्र सुधारका लागि प्रदेश सरकारले प्रदेश शिक्षा नीति ल्याउन गृह कार्य सुरु गरेको बताएको छ। शिक्षा निर्देशनालय मधेश प्रदेशले जनकपुरधाममा गरेको विद्यार्थी भर्ना तथा टिकाउ दर सम्बन्धी चुनौती र समाधानका उपाय विषयक दुई दिने प्रदेश स्तरीय बृहत् शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको शनिबार समापन्न कार्यक्रममा बोल्नुहुँदै उनले यस्तो बताएको हो।

प्रदेश गठन भएको सात वर्ष बित्न लाग्दा पनि मधेश प्रदेशमा शिक्षा नीति आउन नसकेको कारण शिक्षाको क्षेत्रमा विभिन्न खालका चुनौतीहरू देखिएको भन्दै उनले शिक्षा नीति ल्याउनकै लागि मन्त्रालयले सरोकारवाला निकायसँग विभिन्न खालका छलफलहरू चलाएको बताए। मधेश प्रदेशको बजेटमा शिक्षा क्षेत्र छैटौं प्राथमिकतामा परेको जानकारी गराउँदै सीमित स्रोत साधनका बाबजुद आफ्नो मन्त्रालयले समाजवाद उन्मुख आधारभूत वर्गलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्न लागेको जानकारी गराए।

उनले अगामी आर्थिक वर्षमा प्रदेशका केही विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्नुका साथै केही विद्यालयका बालकक्षाहरु लाई व्यवस्थित गर्न प्रदेश सरकारले आर्थिक सहयोग गर्ने कार्यक्रम ल्याएको बताए। उनले खास गरेर दलित विपन्न वर्गका बालबालिकाले आर्थिक अभावका कारण विद्यालय छोड्ने गरेको भन्दै त्यस्ता खालका समस्या समाधानका लागि मन्त्रालयले दलित विपन्न वर्गका विद्यार्थीसहित अभिभावकलाई समेत सहयोग गर्ने कार्यक्रम ल्याएको जानकारी गराए। उनले दलित विपन्न वर्गका विद्यार्थीको अभिभावकलाई मासिक ५० केजी चामल, पाँच केजी दाल सहयोग दिने कार्यक्रम मन्त्रालयले ल्याएको बताए।

एकलो प्रयासले कुनै पनि काम सम्भव नहुने भन्दै मधेशको साक्षरता दर बढाउनका लागि मन्त्रालयले सुरु गर्न लागेको विशेष अभियानमा सबैको सहयोग आवश्यक भएको उनको भनाइ रहेको छ। कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरू र शिक्षा क्षेत्रका जानकारहरूले प्रदेशमा विद्यालय छोडने दर घटाउन र साक्षरता दर बढाउनका लागि विभिन्न किसिमका सुझाव दिनुभएको थियो। कार्यक्रममा मधेश प्रदेशको शिक्षाको अवस्था विषयमा मन्त्रालयका उप सचिव किशोरी कापर, शैक्षिक सुधारका लागि नीतिगत व्यवस्था, चुनौती तथा समाधानका उपायको विषयमा विष्णु कुँवरले प्रस्तुतीकरण गरेको थियो। शिक्षा निर्देशनालय मधेश प्रदेशका निर्देशक दिलीप ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्य राम अशिष यादवले शिक्षा क्षेत्रमा गर्नुभएको कामकाजको विषयमा आफ्नो अनुभव सहितको प्रस्तुति गरेको थियो।


नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
जल स्रोत तथा सिंचाई विभाग
**कमला सिंचाई व्यवस्थापन कार्यालय**
**पोर्ताहा, धनुषा**

**सर्वसाधारणमा अनुरोध**

- नहर तथा कुलो नमिचौं र सिंचाई श्रोतको संरक्षण गरौं।
- नहरको डिलमा घर नबनाऔं, आफू बचौं र नहर जोगाऊ।
- नहर सार्वजनिक सम्पत्ति हो, जसको रेखदेख गर्नु सबैको कर्तव्य हो।
- नहर क्षेत्रामा गैरकानूनी निर्माण कार्य रोकी, यसको संरक्षण गरौं।
- वर्षत् र नदीनालाको पानी सञ्चित गरी सिचाईमा उपयोग गरौं।
- बाढी पहिरोबाट बच्न नहर क्षेत्रको अतिक्रमण होइन संरक्षण गरौं।
- नहर फराकिलो फराकिलो बनाई, यसको संरक्षण र सम्बर्द्धन गरौं।
- नदी तथा तटीय क्षेत्रमा जल उत्पन्न प्रकोपबाट हुने सम्भावित क्षतिबाट सतर्क र सचेत रहौं।


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)